का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ११५
❒ २ असार २०७७, मंगलबार
❒ 16 June 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ६२११ जना | १०४१ जना | १३८६८३ | ५१५१ | १९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ८० लाख २९ हजार | ४१ लाख ४९ हजार | ४ लाख ३६ हजार | ३४ लाख ४४ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## गिरीलाई कारबाही !



जनता समाजवादी पार्टी (जसपा)ले सरिता गिरीलाई सांसद र पार्टी सदस्य दुवैबाट निकाल्ने तयारी गरेको छ । जसपामा गिरीलाई सांसदबाट निलम्बन गर्ने र पार्टी सदस्यबाट हटाउने अनौपचारिक निर्णय भएको स्रोतले जनाएको छ । तर, अध्यक्ष उपेन्द्र यादव र बरिष्ठ नेता बाबुराम भट्टराई उपत्यका बाहिर भएकाले पार्टीको बैठक भने बस्न सकेको छैन ।

"नेताहरु राजधानी बाहिर रहेकाले बैठक बस्न सकेको छैन" जसपाका एक नेताले भने, "बैठकबाट उहाँबारे निर्णय हुनेछ ।" संविधान संशोधन पारित गर्ने पक्षमा मतदान गर्ने जसपाले जारी गरेको ह्वीप गिरीले मानेकी थिइनन् । लिम्पियाधुरा सहितको भूगोल समेटेर जारी नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको अनुसूची-३ मा समेट्न ३० जेठमा संविधान संशोधन भएको छ ।

तर, गिरीले भने संशोधन विधेयकको खारेजीको माग गर्दै संशोधन प्रस्ताव दर्ता गराएकी थिइन् । गिरीलाई संशोधन प्रस्ताव फिर्ता लिन जसपाले आधिकारिक रुपमा पत्र पठाएर नै निर्देशन दिएको थियो । तर, गिरीले पार्टी निर्देशन नमानिनन् । "पार्टी निर्णय नमान्नु भएकाले उहाँबारे पार्टीमा निर्णय हुन्छ", ती नेताले भने ।

## 'गफ होइन, देश बन्छ'



प्रधानमन्त्री केपी शर्मा ओलीले देशभर वैकल्पिक माध्यमबाट पढाइ शुरु भएको सन्दर्भमा नेपाल टेलिभिजन मार्फत शुभकामना सम्बोधन दिँदै सिकाइमा सहभागी हुन सम्पूर्ण विद्यार्थीलाई आग्रह गरेका छन् । कोरोना महामारीका कारण अवरुद्ध शिक्षण प्रणालीलाई निरन्तरता दिन सरकारले अनलाइन, रेडियो, टेलिभिजन र र अन्य माध्यमबाट पठनपाठनको व्यवस्था गरेको छ ।

प्रधानमन्त्री ओलीले वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका लागि निर्देशिका जारी गर्दा स्थानीय तह तथा विद्यालयको स्रोत साधनमा रहेको पहुँचलाईसमेत ध्यान दिइएको बताए । प्रधानमन्त्री ओलीले लामो समयसम्म विद्यालय बन्द रहँदा समग्र शैक्षिक सत्र प्रभावित हुने भएकाले बन्दाबन्दीको अवधिमै सूचना प्रविधिका माध्यमबाट पठनपाठनको शुरुआत गरिएसँगै अबको पुस्ता प्रविधिमा अभ्यस्त हुनेमा विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले अबको जनशक्ति सक्षम, स्वस्थ, शिक्षित र योग्य हुनेमा विश्वास व्यक्त गर्दै विद्यालय तहका विद्यार्थीको शैक्षिक सत्र खेर जान नदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक सिकाइ सामग्री व्यवस्था गरेको र आगामी दिनमा पाठ्यसामग्रीको विकास, प्रयोग र प्रसार गर्ने काममा निरन्तरता दिइने बताए ।

प्रधानमन्त्री ओलीले भने, "मुलुक बिग्रँदैछ छ कि ? भनेर युवाहरुले विभिन्न माध्यमबाट राखेको चासोप्रति मेरो ध्यानाकर्षण भएको छ ।" प्रधानमन्त्री ओलीले आफूले भनेको कुरा गफ मात्रै नभएको र मुलुक बन्दै गरेको बताए ।

### प्रदेशको प्राथमिकता

# महामारीको असर न्यूनीकरण

**संघीय सरकारले जस्तै प्रदेश सरकारहरूले पनि यसपटक कोभिड-१९ को महामारीका कारण परेको असर न्यूनीकरणलाई प्राथमिकता दिएर बजेट ल्याएका छन् । प्रदेश बजेटले स्वास्थ्य, कृषि, रोजगारी र पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ ।**



कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही सोमबार कर्णाली प्रदेशसभाको छैटौं अधिवेशनको १२औं बैठकमा । तस्बिरः शुरबहादुर सिंह, रासस

| प्रदेश | बजेट |
|---|---|
| प्रदेश-१ | ४० अर्ब ८९ करोड |
| प्रदेश-२ | ३३ अर्ब ५६ करोड |
| बागमती | ५१ अर्ब ४२ करोड |
| गण्डकी | ३४ अर्ब ८४ करोड |
| प्रदेश-५ | ३६ अर्ब ३५ करोड |
| कर्णाली | ३३ अर्ब ७४ करोड |
| सुदूरपश्चिम | ३३ अर्ब ३८ करोड |

**संसदीय मामिला ब्यूरो/मध्यान्ह**
काठमाडौं, १ असार ।

वैधानिक व्यवस्थाअनुसार, सातै प्रदेशले सोमबार बजेट ल्याएको छ । संघीय सरकारले जेठ १५ गते र प्रदेश सरकारहरुले असार १ गते बजेट ल्याउनुपर्ने वैधानिक व्यवस्था छ । सोही व्यवस्थाअनुसार, छुट्टा-छुट्टै नीति तथा कार्यक्रम ल्याएको प्रदेश सरकारहरुले एकै दिन बजेट ल्याएको छ ।

प्रदेश सरकारहरुले विश्वव्यापी महामारीका रुपमा फैलिएको -कोभिड १९ बाट उत्पन्न महामारी, त्यसले सिर्जना गर्ने सम्भावित भोकमरी र समाधानका लागि स्वास्थ्य, कृषि उत्पादन र रोजगारीलाई केन्द्रविन्दु बनाएर बजेट ल्याएका छन् ।

**● कर्णाली**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि रु ३३ अर्ब ७४ करोड बजेट विनियोजन गरेको छ । कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले प्रदेशसभाको छैटौं अधिवेशनको १२औं बैठकमा आगामी वर्षका लागि राजश्व र व्ययका वार्षिक अनुमानसहितको उक्त बजेट प्रस्तुत गरे ।

प्रस्तुत बजेट अनुसार प्रदेश सरकारको आगामी आव २०७७/७८ का लागि रु ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार बजेट प्रस्तुत गरिएको छ । पूँजीगततर्फ रु १९ अर्ब छ करोड ९१ लाख २१ हजार ९५७५०, चालूतर्फ रु ११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार ९३४५० र वित्तीय हस्तान्तरण तर्फ रु दुई अर्ब, ९९ करोड ६५ लाख ९९५० बजेट विनियोजन गरिएको छ । चालू खर्चअन्तर्गत कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि रु ८७ करोड ४१ लाख, रोजगारीका लागि रु दुई अर्ब ५८ करोड २६ लाख र अन्य कार्य तथा प्रशासनिक खर्च रु आठ अर्ब ५१ करोड ९० लाख ३२ हजार रहेको छ ।

अनुमानित खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु ३० करोड छ लाख ५३ हजार, चालु आवको खर्च नभई बचत हुने रकम रु ११ अर्ब १९ करोड नौ लाख ८५ हजार, संघीय सरकारबाट राजश्व बाँडफाँड बापत प्राप्त हुन आएको रु सात अर्ब ३९ करोड ५६ लाख, वित्तीय समानीकरणबाट प्राप्त भएको रु नौ अर्ब ६३ करोड २९ लाख र सशर्त अनुदानबाट रु चार अर्ब ४९ करोड ११ लाख परिचालन गरिनेछ ।

नेपाल सरकारको समपुरक अनुदानवापत् रु २५ करोड २५ लाख, विशेष अनुदानवापत् बाँकी पृष्ठ २ मा

# सय नपुगे पनि नवीकरण गरिदिन कांग्रेसको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार

वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यताले मुलुकका ७५ प्रतिशत वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरण गर्न समस्या उत्पन्न भएको भन्दै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले व्यवसायीहरुको ईजाजतपत्र नवीरकणका लागि सहज व्यवस्था गर्न नेपाल सरकारलगायतका निकायसँग माग गरेको छ ।

गत चैत १६ गते मन्त्रिपरिषद्ले म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन संशोधन गर्ने निर्णय गरेको थियो । तर उक्त निर्णय गरेको साढे दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि कार्यान्वयनमा आउन नसकेको अवस्थामा काँग्रेसले सरकार र सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराएको हो ।

नेपाली काँग्रेसका संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणले आइतबार विज्ञप्ति जारी गर्दै विश्वभर माहामारीको रुपमा फैलिएको कोराना भाइरस (कोभिड-१९) संक्रमणका कारण युवाहरु विदेश जान रोकिएको र विदेशबाट श्रमिकहरुको मागसमेत आउन रोकिएको अवस्थामा वैदेशिक रोजगारीमा वार्षिक सय जना कामदार पठाउनुपर्ने जस्ता बाध्यात्मक अवस्थाले नेपालका करिब ७५ प्रतिशत वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरण नहुने अवस्था सिर्जना भएकोले ईजाजतपत्र नवीकरणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गरेको उल्लेख गरेका छन् ।

प्रमुख सचेतक खाँणले विज्ञप्ति जारी गर्नुअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे, महासचिव सुजित कुमार श्रेष्ठ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकाल र महासचिव भवानी निरौलाले शनिबार कांग्रेस सभापति शेर बहादुर देउवा र महामन्त्री शशांक कोइराला र आइतबार संसदीय दलका प्रमुख सचेतक खाँण र नेपाली काँग्रेसले गठन गरेको छाया सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी हेर्ने सांसद डा. डिला संग्रौलालाई भेटेर व्यवसायीहरुका समस्या अवगत गराएका थिए ।

शनिबारको भेटमा सभापति देउवाले पार्टीका सांसद डा. अमरेशकुमार सिंहले केही दिनअघि संसदमा अप्रमाणित अभिव्यक्ति दिएर परिस्थिति बिगार्ने काम गरेको भएपनि आफुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग यस विषयमा छलफल गरेको भन्दै केही दिनमा निकास आउने भएकाले विश्वस्त रहन सुझाव दिएको एसोसिएसनका अध्यक्ष ढकालले मध्यान्हलाई बताए ।

प्रमुख सचेतक खाँणसँगको भेटमा मन्त्रिपरिषद्ले गत चैत १६ गते गरेको निर्णय अनुसार विभिन्न क्षेत्रले राहत तथा छुट पाइसेकेको अवस्थामा वैदेशिक रोजगार ऐनको प्रावधान अनुसार संस्था नवीकरणको समय शुरु भइसक्दा पनि वैदेशिक रोजगार व्यवसायीहरुलाई प्रदान गरिएको राहत कार्यान्वयन नगर्दा व्यवसायीहरुलाई बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नवीकरणका लागि १५ व्यवसायी पुगे विभाग

**काठमाडौं/मस-** कार्यालय खुलेको पहिलो दिन बुद्धनगरस्थित वैदेशिक रोजगार विभागमा १५ जना व्यवसायीहरुले संस्था नवीकरणका लागि निवदेन दिएका छन् । उनीहरुले अघिल्लो आर्थिक वर्ष २०७५/०७६ को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिल गरेको प्रमाण, पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने वैदेशिक रोजगार नियमावलीको नियम ८ (क१) अनुसारको कागजात, नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपि समावेश गरी नवीकरणका लागि निवेदन दिएका छन् ।

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि लागू गरेको लकडाउनको ८५ औ दिनमा अन्य कार्यालयजस्तै विभाग पनि स्वास्थ्य सुरक्षाका मापदण्ड लागू गर्दै खुला भएको हो । कार्यालय खुलेको पहिलो दिन विभाग नियमित रुपमा एक सिफ्ट बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म खुले पनि मंगलबारबाट दुई सिफ्टमा सेवा सञ्चालनको तयारीमा छ । त्यसका बाँकी पृष्ठ २ मा

# संक्रमित ६ हजार नाघ्यो

**महिनाको शुरूकै दिन अहिलेसम्मकै उच्च संख्यामा सोमबार कोभिड महामारीको संक्रमित पुष्टि भएको छ । सोमबार ४५१ ज्नामा संक्रमण पुष्टि भएसँगै नेपालमा संक्रमित संख्या ६ हजार नाघेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार ।

गएको माघ ९ गते पहिलो संक्रमित देखिएको नेपालमा जेठ महिनामा अत्याधिक बढी संक्रमित पुष्टि भएको छ । जेठभर साढे पाँच हजार बढी संक्रमित पुष्टि भएको थियो । त्यस मध्ये १९ जनाको मृत्यु भइसकेको छ ।

असारको पहिलो दिन पनि संक्रमण झनै बढेको छ । असारको पहिलो दिन अहिलेसम्मकै उच्च संख्यामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, सोमबार ४५१ जनामा संक्रमण पुष्टि भएको छ । यो सँगै संक्रमित संख्या ६ हजार २११ जनामा फैलिएको छ । मन्त्रालयको तथ्यअनुसार, अहिलेसम्म १९ जनाको मृत्यु भएको छ ।

देशभर अझै एक लाख ३३ हजार क्वारेन्टिनमा छन् । अहिलेसम्म पीसीआर विधिबाट एक लाख ३८ हजार ६८३ जनाको र आरडीटी प्रणालीबाट दुई लाख १९ हजार ३३६ जनाको परीक्षण भएको छ । सोमबारसम्म एक हजार ४१ ज्ना आइसोलेसनमा छन् । संक्रमित मध्ये एक हजार ४१ ज्ना निको भएर घर फर्किएका छन् ।

**खुल्यो कार्यालय**

सोमबारबाट सरकारी कार्यालय खुलाउने निर्णय गरेसँगै अधिकांश कार्यालयमा सेवाग्राहीको भीड लाग्न थालेको छ । यससँगै सडकमा पनि सवारी चाप बढेको छ । सरकारले कोभिड-१९ जोखिमबाट बचाउनका लागि गत चैत ११ गतेदेखि गरेको बन्दाबन्दीपछि सोमबार धेरै कार्यालयहरु खुलाउने निर्णय गरेको थियो । सरकारी तथा गैरसरकारी संस्थाका कार्यालयहरु सोमबार देखि पूर्ण रुपमा खुलेका छन् ।

कार्यालय खुले पनि भीडभाड नगरी सामाजिक दुरी कायम गरेर काम गनुपर्ने सरकारको निर्णयअनुसार आलोपालो प्रणालीमा काम शुरु भएको छ । सर्वोच्च अदालतसहित देशभरका अदालतमा बन्दाबन्दीको समयमा माहामारीसम्बन्धी र बन्दीका मुद्दा हेरिए पनि अहिले केही सेवा विस्तार गरिएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता देवेन्द्र ढकालका अनुसार, बन्दाबन्दी पूर्णरुपमा नखुलेकाले कर्मचारीको आलोपालो प्रणालीबाट काम शुरु भएको छ । प्रवक्ता ढकालले भने, "कोरोना भाइरसको जोखिम पूर्ण रुपमा कम नभएकाले सावधानी अपनाएर काम गरिनेछ ।"

बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा पनि खुलेका बाँकी पृष्ठ २ मा

# ‘आरडीटी बन्द गर, पीसीआर परीक्षण बढाऊ’

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि सरकार असफल भएको बताएको छ। कांग्रेस केन्द्रीय समितिले गठन गरेको कोभिड-१९ अनुगमन समितिका संयोजक एवं सहमहामन्त्री डा. प्रकाशशरण महतले केन्द्रीय सरकार कोरोनाको रोकथाम तथा नियन्त्रणमा गम्भीर नभएको बताए ।

उनले सरकारले बजेटमा पानी जहाज रेल्वेको कुरा गर्ने तर कोरोना महामारीबाट नागरिकको जीवन सुरक्षाका लागि बजेट छैन भन्ने अभिव्यक्त दिने गरेको बताए । उनले भने, ‘एकातिर सरकारका अर्थमन्त्री जुन अहिलेको प्राथमिकताको विषय होइन त्यहाँ यति अर्ब र त्यति अर्ब छुट्याउँछु भनेर प्रस्तुत हुनुहुन्छ संसदमा, बजेट प्रस्तुत गर्नुहुन्छ । अर्कोतर्फ त्यही अर्थमन्त्री के भन्दै हुनुहुन्छ भने अहिले त मलाई यो साधारण खर्च चलाउन पनि पैसा छैन, चालु खर्च चलाउन पनि पैसा छैन भनेको मतलब के हो ? उसो भए त्यो विभिन्न शीर्षकमा पैसा राख्न



उहाँले कहाँबाट पूँजीको व्यवस्था गर्नुहुन्छ ?’

कोभिड-१९ संक्रमणबाट जीवन बचाउन पहिलो प्राथमिकता र बेरोजगारी दोस्रो समस्या हुनुपर्नेमा सरकार गलत बाटोतर्फ उन्मुख भएको उनले बताए । उनले भने, ‘कोभिड-१९ बाट जीवन बचाउने प्राथमिकता नम्बर एक स्वास्थ्यको, नम्बर दुई यो बेरोजगारीबाट लकडाउनको कारण उद्योग व्यवसाय बन्द भएको कारण जुन आर्थिक जीवन ठप्प भएको छ । पर्यटन ठप्प भएको छ । विदेशी रेमिटेन्स घटेको छ । त्यो अवस्थामा के गर्नुपर्ने हो । सरकारको प्राथमिकता के हुनुपर्ने हो । कसरी न्यूनतम रोजगारी सिर्जना गर्ने, कसरी नागरिकको दैनिक जीवनलाई सम्बोधन गर्ने, उनीहरको न्यूनतम खान पाउने हकलाई बाँच्ने हकलाई सुनिश्चित कसरी गर्ने भन्नेमा ध्यान दिनुपर्ने होइन ? त्यसमा पनि फेरी उहाँहरु बेखबर हुनुहुन्छ ।’

सहमहामन्त्री महतले विदेशमा अप्ठेरोमा परेर स्वदेश फर्कन चाहने नागरिकको अधिकारमाथि पनि सरकारले खेलवाड गरेको बताए । सरकारले उद्धार गर्छौं भन्ने तर महँगो भाडादर निर्धारण गरेर अप्ठेरोमा परेको नागरिकलाई उद्धार गर्ने विषयमा सरकार असंवेदनशिल भएको बताए ।

कांग्रेसले गठन गरेको कोभिड-१९ अनुगमन समितिले विभिन्न समस्याहरुलाई १४ वटा बुँदामा समेटेर सरकारको ध्यानाकर्षण समेत गराएको छ । अनुगमन समितिले असुरक्षित क्वारेन्टाइनहरु बन्द गरी सुरक्षित र मापदण्ड अनुसारका क्वारिन्टनहरुको व्यवस्था गर्न ध्यानाकर्षण गराएको छ । यस्तै आरडिटी परीक्षण बन्द गरी स्वास्थ्य र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्दै पीसीआर प्रविधिबाट परीक्षण बढाउन माग गरेको छ । खाद्यन्न र न्यूनतम आम्दानीको अभावबाट गुज्रिरहेका श्रमिकहरु, दैनिक ज्यालादारीमा निर्भर श्रमिकहरु, शहर केन्द्रीत विद्यार्थीहरु, एकल महिला, अपाङ्गता र अशक्त नागरिकहरु, बालबालिका तथा ज्येष्ठ नागरिक सबैको न्यूनतम आवश्यकता पुरा गर्न आर्थिक प्याकेजको व्यवस्था गर्न समेत ध्यानाकर्षण गराएको छ। विदेशबाट फर्कन चाहने नेपालीलाई विना भेदभाव न्यूनतम भाडा दरमा फर्कने व्यवस्था गर्न, कृषि क्षेत्रमा विउविजन र रायासयनक मलको व्यवस्था गर्न, स्थानीय निकायलाई क्वारेन्टिनको व्यवस्था गर्न आर्थिक सहयोग गर्न समेत सरकारको ध्यानाकर्षण गराएको छ ।

यस्तै सरकारले १० अर्ब खर्च देखाएको र सरकारी निकायहरुबाट अलग अलग तथ्याङ्क आएको बताउँदै कोभिड १९ रोकथामको कार्यमा व्यापक भष्ट्राचार भएको निष्कर्ष समेत निकालेको छ । सरकारले सत्ताको नजिक रहेकालाई मात्रै लकडाउनमा पास वितरण गर्ने र आपतकालिन परिस्थितिमा पनि आवतजावत पास दिन आनाकानी गर्ने प्रवृति देखिएको अनुगमन समितिको प्रतिवेदनमा उल्लेख छ।

## प्रदेशको...

रु ४६ करोड प्राप्त हुने अनुमान गरिएको छ । वैदेशिक अनुदान सहायताबाट सञ्चालित हुने कार्यक्रममा रु एक करोड ७६ लाख १५ हजार स्रोत परिचालन हुने जनाइएको छ ।

**प्रदेश–१**

प्रदेश एकले आगामी आर्थिक वर्षका लागि ४० अर्ब ८९ करोड ९९ लाख ४७ हजारको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र बाङ्बोले प्रस्तुत गरेको बजेटमा चालु तर्फ १८ अर्ब ९३ करोड ४९ लाख ९३ हजार बजेट बिनियोजन गरेका छन् । अर्थात्, प्रदेश एकको बजेट मध्ये ४६.२९ प्रतिशत बजेट चालु तर्फ बिनियोजन गरिएको छ ।

प्रदेशसभामा प्रस्तुत बजेटमा पूँजीगत तर्फ २१ अर्ब ९२ करोड ५० लाख ४ हजार विनियोजन गरिएको छ । यो बजेट ५३.७१ प्रतिशत हो भने वित्तीय व्यवस्थातर्फ ४ करोड रुपैयाँ र अन्तर सरकारी वित्त हस्तान्तरणमा २ अर्ब ८८ करोड ८२ लाख ४५ हजार विनियोजन भएको छ । बजेटले आन्तरिक स्रोतबाट चार अर्ब ७५ करोड, राजश्व बाँडफाँटबाट दश अर्ब तीन करोड र अनुदानबाट १५ अर्ब ११ करोड आउने अनुमान गरेको छ । चालु वर्षको ६ अर्ब र सरकारसँग पाँच अर्ब ऋण लिइने पनि बजेटमा उल्लेख छ ।

**गण्डकी**

गण्डकी प्रदेशले आगामी आर्थिक वर्षका लागि ३४ अर्ब ८४ करोड २१ लाख ६० हजारको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले प्रस्तुत गरेको बजेटको ४१.२ प्रतिशत बजेट चालु तर्फ बिनियोजन गरिएको छ । अर्थात्, चालु तर्फ १४ अर्ब ३४ करोड २६ लाख ८४ हजार चालुतर्फ बिनियोजन गरिएको छ । पूँजीगत तर्फ ५७.४ प्रतिशत अर्थात् १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार बिनियोजन गरिएको छ ।

**प्रदेश ५**

प्रदेश ५ ले आगामी आर्थिक वर्षका लागि ३६ अर्ब ३५ करोडको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजना मन्त्री समेत रहेका मुख्यमन्त्री शंकर पोखरेलले ३६ अर्ब ३५ करोडको बजेट प्रस्तुत गरेका हुन् ।

यस मध्ये १२ अर्ब ५९ करोड चालु तर्फ खर्च गरिनेछ । पूँजीगत तर्फ १८ अर्ब ६१ करोड बिनियोजन गरिएको छ। बजेटमा दुई अर्ब तीन करोड आन्तरिक राजश्व उठ्ने अनुमान गरिएको छ । बजेटले प्रत्येक स्थानीय तहमा एक/एक कृषि वा पशु प्राविधिक जनशक्ति पुऱ्याउने लक्ष्य लिएको छ ।

**प्रदेश २**

प्रदेश दुई सरकारले आर्थिक वर्ष २०७७/०७८ का लागि ३३ अर्ब ५६ करोडको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमार यादवले आर्थिक वर्ष २०७७/०७८ का लागि कुल बजेट ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजारको बजेट सदनमा प्रस्तुत गरेका हुन् ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटभन्दा ५ अर्ब कमको बजेट ल्याएको हो । चालु आर्थिक वर्षका लागि प्रदेश सकरारले ३८ अर्व ७२ करोड ५६ लाख ६१ हजारको बजेट ल्याएको थियो । आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले ल्याएको कुल बजेट मध्ये चालू तर्फ ४५.९५ प्रतिशत अर्थात १५ अर्ब ४२ करोड २६ लाख ९८ हजार, पूजिगत तर्फ ५३.६७ १७ अर्ब ९७ करोड ८२ लाख ९१ हजार र वितिय व्यवस्था तर्फ ०.४८ प्रतिशत अर्थात १६ करोडको बजेट छुट्याइएको यादवले बताए ।

**सुदूरपश्चिम**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७६-०७७ का लागि ३३ अर्ब ३८ करोडको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहराले सोमवार प्रदेशसभामा ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजार बजेट प्रस्तुत गरेका हुन् ।

अगामी आर्थिक वर्षको कुल विनियोजन मध्ये चालू तर्फ १४ अर्ब १८ करोड ७८ लाख ६० हजार र पुँजीगततर्फ १६ अर्ब ७५ करोड ८४ लाख ८८ हजार रहेको छ। अन्तर सरकारी वित्तिय व्यवस्थापन तर्फ २ अर्ब १३ करोड ५० लाख अर्थात् ६.४ प्रतिशत तथा वितिय व्यवस्थापन तर्फ ३० करोड अर्थात ०.९ प्रतिशत रहेको छ । प्रदेश सरकारले कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखेर स्वास्थ्य क्षेत्र सुधारका साथै कृषि, सडक, खानेपानी, सिँचाई, ऊर्जा, तटबन्ध आदि पूर्वाधार विकासलाई प्राथमिकता दिएको मन्त्री बोहराले जाानकारी दिए ।

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि स्वास्थ्य क्षेत्रमा ३ अर्ब २६ करोड ६६ लाख बजेट विनियोजन गरेको उहाले बताए ।

**बागमति**

वाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि कूल रु ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजारको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुंगेलले अघिल्लो वर्षभन्दा झण्डै रु चार अर्ब बढी बजेट प्रस्तुत गरे । प्रदेशले अघिल्लो वर्ष रु ४७ अर्ब ६० करोड बजेट प्रस्तुत गरेको थियो ।

कूल बजेटमध्ये चालुतर्फ रु २६ अर्ब २८ करोड ७३ लाख ३५ हजार अर्थात् ५१.१२ प्रतिशत र पूँजीगततर्फ रु २५ अर्ब १४ करोड १ लाख ५९ हजार अर्थात् ४८.८८ प्रतिशत विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये कर राजस्वतर्फ रु २० अर्ब ८३ करोड ७९ लाख, अन्तरसरकारी अनुदानतर्फ रु १७ अर्ब ८६ करोड ९८ लाख, अन्य राजस्वतर्फ रु. ५ अर्ब १२ करोड ९७ लाख र राजस्व बचततर्फ रु सात अर्ब ५० करोड प्राप्त हुने अनुमान गरिएको छ ।

बजेट प्रस्तुत गर्दै मन्त्री ढुंगेलले आव २०७६/७७ मा प्रदेशको कुल सरकारी खर्च विनियोजनको तुलनामा ६२.६४ प्रतिशत अर्थात् रु २९ अर्ब ८२ करोड ८५ लाख हुने संशोधित अनुमान गरिएको जानकारी दिए ।

उनका अनुसार प्रदेश सरकारको चालु आवमा राजस्व परिचालन लक्ष्यका तुलनामा रु ६ अर्ब ४१ करोड ५१ लाख न्यून भई रु १६ अर्ब ३७ करोड ९७ लाख हुने संशोधित अनुमान गरिएको छ जुन लक्ष्यको तुलनामा ७१.८६ प्रतिशत छ ।

## सय ...

धेरै मर्का परेको भन्दै ध्यानाकर्षण गराएको संघका महासचिव श्रेष्ठले बताए ।

ऐन र नियमावलीको कानूनी व्यवस्था परिवर्तन नभए ८ सय ५४ व्यवसायीमध्ये सवा ५ सय नवीकरणबाट बञ्चित हुने आँकलन रहेको छ । गत चैत १६ गते मन्त्रिपरिपाद्ले गरेको निर्णयको राहत सम्बन्धि प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरु शीर्षकको (ङ) मा वैदेशिक रोजगारमा एकसय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरु खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने उल्लेख छ । वैदेशिक रोजगार क्षेत्रमा क्रियाशिल प्रमुख राजनीतिक दल निकट सबैजसो संस्थाहरुले मन्त्रिपरिषद्को उक्त निर्णय कार्यान्वयनमा नलैजाँदा अर्बौं रुपैयाँ लगानी गरेका निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरुलाई अपुरणिय क्षति हुने देखिएको बताएका छन् ।

विगतमा व्यवसायीहरुको बढेको धरौटी घट्ने, व्यवसायीहरुले राखेको धरौटीको व्याज पाउने जस्ता विषय व्यापक रुपमा चर्चा हुने गरेपनि व्यवसायीहरुले कुनै लाभ पाउन सकेका थिएनन् । हालपनि चर्चा मात्र हुने तर मन्त्रिपरिषद्बाट ईजाजतपत्र नवीकरण हुने गरी आदेश नआउने पो हो की भनी कतिपय व्यवसायीहरु त्रसित अवस्थामा देखिएका छन् । तर संघसहित वर्तमान सरकार निकट मानिने वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपाल र नेपाली काँग्रेस निकट एसोसिएसनले सत्तापक्ष र प्रमुख प्रतिपक्ष दलका शीर्ष नेताहरुको विभिन्न तहमा भएका पछिल्ला छलफलले संस्था नवीकरणका लागि संख्या सयको बाध्यता नरहने बताउँदै आएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले गठन गरेको ‘संख्या सय समस्या समाधान समिति’का संयोजक हरिबहादुर पाण्डे क्षेत्रीले आफ्नो नेतृत्वको समितिले पार्टीका शीर्ष नेताहरुसँग छलफल गरी निकास निकाल्ने अवस्थामा पुगेको र एक/दुई दिनभित्र पत्रकार सम्मेलन गरी समस्या समाधानका लागि भएका उपलब्धि सार्वजनिक गर्ने दाबी नै गरेका छन् ।

## नवीकरणका...

लागि विभागले सोमबार कर्मचारीहरुलाई सिफ्टको जिम्मेवारी तोकेको बताइएको छ। सोमबार वैदेशिक रोजगार ठगी सम्बन्धमा विभिन्न जिल्लामा परेका केही उजुरीसमेत विभागमा आइपुगेको बताइएको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना संक्रमणका कारण गत फागुन शुरुदेखि नै वैदेशिक रोजगार क्षेत्र सुस्ताएको थियो । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिले गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगन गर्न निर्देशन दिएपछि विभाग फागुन ३० गतेदेखि सेवा स्थगन गरी पूर्णरुपमा बन्दको अवस्थामा थियो । लकडाउनको अवधिमा भौतिक संरचना निर्माणका काम भएपनि प्रशासनिक काम भएको थिएन ।

विभागले गतहप्ता वैदेशिक रोजगार व्यवसायी लगायत वैदेशिक रोजगारमा जाने कामदारको तालिम सञ्चालन गर्ने संस्थाहरुको ईजाजतपत्र नवीकरणको सूचना समेत सार्वजनिक गरेपछि विभागमा व्यवसायीहरुको चहल पहल बढेपनि श्रम स्वीकृतिको काम कहिलेदेखि शुरु हुने भन्ने एकिन नभएको विभाग श्रोतले बतायो । सरकारले असार २१ गतेसम्म अन्तर्राष्ट्रिय उडान बन्द गरेका कारण श्रम स्वीकृतिको काम तत्काल शुरु हुन कठिनाई रहेको बताइएको छ ।

## संक्रमित...

छन् । काठमाडौं उपत्यकाका टोलटोलका अधिकाशं सहकारी संस्था सञ्चालनमा आएका छन् । संस्था खुले पनि सेवाग्राही भने फाटफुट मात्रै आएका सहकारी सञ्चालकले बताएका छन् । वाणिज्य बैंक र विकास बैंक शाखाहरुमा भने सेवा लिन चाहने सेवाग्राहीको भीड देखिन्थ्यो ।

सरकारी कार्यालयका साथै शिक्षण संस्थाका कार्यालय (प्रशासनिक काम मात्र हुने तर पठनपाठन नहुने), गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय खुल्ने निर्णय गरेको थियो । सार्वजनिक तथा जोर-बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारीसाधनको सिटको एक लहरमा एक जना मात्र यात्रु राख्ने, अनिवार्य मास्क लगाउने, स्यानिटाइजरको व्यवस्था मिलाउने, सवारी साधानलाई दैनिक निसंक्रमित गर्ने निर्णय सरकारले गरेको थियो ।

टेकुस्थित सवारी परीक्षण केन्दमा थोरै कर्मचारी भएकाले सबै जना कार्यालयमा आएका छन् । जम्मा १६ कार्यरतमध्ये दुई जना उपत्यका बाहिर रहेकाले १४ जना कार्यालयमा उपस्थित भएको प्रमुख मणिराम भुषालले बताए ।

कार्यालयमा सबै कर्मचारी उपस्थित भए पनि आवश्यक दूरी कायम गर्दै स्वास्थ्य सावधानी अपनाइएको उनको भनाइ छ । बन्दाबन्दीको अवधिमा पनि थोरै कर्मचारी आउने गरेकामा आजबाट सबै उपस्थित भएका हुन ।

# गुल्मी मुसिकोटमा थपिए १० कोरोना संक्रमित

**गुल्मी/मस-** गुल्मीको मुसिकोट नगरपालिकामा एकैदिन १० जनमा कोरोना संक्रमित देखिएका छन् । योसँगै जिल्लामा संक्रमितको संख्या २७ पुगेको स्वास्थ्य कार्यालय गुल्मीले जनाएको छ ।

सोमबार थपिएका सबै १० जना मुसिकोट नगरपालिकाका रहेका छन् । संक्रमितहरु २०, ३०,२९, १८, १७, २४ र २१ वर्षका पूरुषहरु, २८ र २६ वर्षकी महिला र ५ वर्षकी बालिका रहेको स्वास्थ्य कार्यलय गुल्मीका सूचना अधिकारी पशुपति आचार्यले जानकारी दिए ।

यसअघि जिल्लाको रुरुक्षेत्र गाउँपालिकाका वडा नं ५ का २८ र ३५ बर्षका पूरुषहरु, रेसुंगा नगरपालिकाका २८, ३२ र २६ वर्षीय पूरुष, छत्रकोट गाउँपालिकाका ३८ वर्षका पूरुष, धुर्कोट गाउँपालिकाकी २० बर्षकी महिला, सत्यवती गाउँपालिकाका ४ जना २१ , २७,२९ र ३४ बर्षका पूरुषहरु रहेको आर्चायले जानकारी दिए ।

धुर्कोट गाउँपालिकाका २ जना ३६ र ३७ वर्षका, मदाने गाउँपालिकाका २ जना ४१ र ३२ वर्षका, चन्द्रकोट गाउँपालिकाका १ जना ७१ वर्षका र रुरु गाउँपालिकाका १ जना ३६ बर्षका पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

# रुकुमपश्चिम घटनाका दोषीमाथि कारवाही प्रारम्भ

**काठमाडौं/मस-** सरकारले जातीय विभेदका घटना दोहोरिन नदिने र रुकुम पश्चिम घटनाको दोषीमाथि कानूनी कारवाही गर्न संवेदनशील रहेको जनाएको छ। गृह मन्त्रालयका सहप्रवक्ता उमाकान्त अधिकारीले आज प्रेस विज्ञप्ति जारी गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिने कानूनी प्रक्रिया प्रारम्भ भइसकेको जनाएका छन् ।




उनले सो घटनाका सम्बन्धमा विस्तृत छानबिन तथा अनुसन्धानपछि न्यायिक निरुपणका लागि अभियोजन भइसकेको जनाएका छन् । उनले मृतकको परिवार तथा घाइतेलाई मनासिव क्षतिपूर्ति भराउन अदालतमा माग दाबी भई पीडकलाई सजाय र पीडितलाई न्याय दिने कानूनी प्रक्रिया प्रारम्भ भइसकेको बताए ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती भन्ने स्थानमा गत जेठ १० गते जाजरकोटको भेरी नगरपालिका-४ बस्ने नवराज विकसहित छ जनाको मृत्यु भएको थियो । घटनाका सम्बन्धमा गृह मन्त्रालयद्वारा गठित छानबिन समितिले घटनाका सम्बन्धमा विस्तृत छानबिन गरी दोषीलाई कानूनबमोजिम कारबाही हुन सिफारिश गरेको छ ।

नेपाल प्रहरीको अनुसन्धानबाट दोषी देखिएका डम्बरबहादुर मल्ल, डिल्ली मल्ल, प्रेमबहादुर ठकुरी, परिवर्तित नाम ५४ (३६) १, सन्तोष मल्ल, मोहन पुन मगर, परिवर्तित नाम ५४ (३६)३, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, विनोद मल्ल, लिपेन्द्रकुमार मल्ल, इन्द्रबहादुर भन्ने इर्दबहादुर ठकुरी, हर्कबहादुर मल्ल, तिलक चन्द, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९, विष्णु मल्ल, विराज पुन मगर र सर्वजित भन्ने सविन पुनलाई ज्यानसम्बन्धी कसूरअनुसार सजाय माग गरिएको छ ।

प्रतिवादी इन्द्रबहादुर मल्लले सो घटनाको सूचना पाएर पनि सम्बन्धित निकायसमेतलाई कुनै जानकारी नगराई उक्त घटनालाई लुकाईछिपाई मतियारको कार्य गरेको र विनोद मल्ल, रेशम मल्ल समेतका प्रतिवादीले नवराज विकसमेतका व्यक्तिलाई लखेट्दै नियन्त्रणमा लिई कुटपिट गर्ने कार्यमा प्रतिवादी तुलबहादुर मल्ल, दिपेन्द्र चन्द, रमित पुन मगर र नवीनकुमार जिएमले सहयोग गरी मतियारको कार्य गरेकाले निज प्रतिवादी इन्द्रबहादुर मल्ल, तुलबहादुर मल्ल, दिपेन्द्र चन्द, रमित पुन मगर र नवीनकुमार जिएमलाई कारबाहीको सिफारिश गरिएको छ ।

यस्तै प्रतिवादी परिवर्तित नाम थर ५४ रुकुम पश्चिम ३६, परिवर्तित नाम ५४ रुकुम पश्चिम ३६(२) ले उल्लेखित घटनाको मुख्य षड्यन्त्र गरेको देखिएकाले निजले गरेको कार्य मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद-२ को दफा ३३ बमोजिम कसूर गरेकाले सोही दफाको उपदफा (३) क बमोजिम सजाय हुन माग गरिएको छ। मृतक तथा घाइतेलाई घेरा हाली ढुङ्गा, लाठी समेतले प्रहार गर्ने प्रतिवादी तुलाराम घर्ती, क्वापे भन्ने लोकेन्द्र घर्ती, डिल्ली घर्ती, शौरभ पुन, भीमबहादुर बुढा, धनाराज राना र भीमबहादुर पुनले गरेको गृह मन्त्रालयले जनाएको छ ।

प्रतिवादी डम्बरबहादुर मल्ल, डिल्ली मल्ल, प्रेमबहादुर ठकुरी, परिवर्तित नाम थर ५४ (३६), परिवर्तित नाम ५४ (३६)१, परिवर्तित नाम ५४(३६)२, सन्तोष मल्ल, परिवर्तित नाम ५४ (३६)३, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, विनोद मल्ल, लिपेन्द्रकुमार मल्ल, ईन्द्रबहादुर भन्ने इर्दबहादुर ठकुरी, हर्कबहादुर मल्ल, तिलक चन्द, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्लले जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ (१) बमोजिम कसूर गरेको देखिन आएकाले सोही ऐनको दफा ७ को उपदफा १ (क) बमोजिम सजाय हुन माग गरिएको छ ।

प्रतिवादीमध्ये डम्बरबहादुर मल्ल सार्वजनिक पद धारण गरेको व्यक्ति जननिर्वाचित जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका-८ का वडाध्यक्षसमेत भएको जिम्मेवार व्यक्तिले लकडाउनको समयमा जाजरकोटबाट केटाहरु गाउँमा छिरे तिनीलाई नियन्त्रणमा लिनुपर्छ भन्ने बहानामा गाउँलेलाई एकीकृत गराई नियन्त्रणमा लिन भनी उत्प्रेरित गरेको, गोईरी औलका व्यक्तिलाई समेत गलत सूचना प्रवाह गरी बाटो छेक्न लगाएको, साथै गाउँ छिरेका व्यक्तिलाई नियन्त्रणमा लिने नाममा प्रहरीलाई गलत सूचना दिई गुमराहमा पारी अर्को तर्फ पठाई गाउँका मानिसलाई भेला जम्मा गरी झण्डै ४ किमी टाढा गइसकेका पीडितलाई पिछा गर्दै लखेट्दै ढुङगा, मुढा प्रहार गरी छ जनाको ज्यान लिने परिस्थिति सिर्जना गरेको गृह मन्त्रालयले जनाएको छ। हाल फरार रहेका प्रतिवादी तुलाराम घर्ती, क्वापे भन्ने लोकेन्द्र घर्ती, भीमबहादुर बुढा, डिल्ली घर्ती र शौरभ पुनविरुछ पक्राउ पूर्जी जारी गरिएको छ ।

# नवलपरासीमा दुई लाख बराबरको अवैध सामान बरामद

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १ असार

पश्चिम नवलपरासीमा प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भारतबाट अवैधरुपमा नेपाल भित्राउदै गरेको अवस्थामा कपडा तथा हार्डवेयरका सामान बरामद गरेको छ । सीमा प्रहरी चौकी महेशपुरबाट खटिएको टोलीले सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिकाबाट दुईलाख चौरासी हजार मूल्य बराबरको अवैध कपडा तथा हार्डवेयरका सामान बरामद गरेको हो ।




प्रहरीले सरावल गाउँपालिकाको वडा नं ७ बुलन्दपुरबाट एक लाख पचास हजार मूल्य बराबरको लेडिज कुर्ता सुरवाल बरामद गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी उपरीक्षक अजय केसीले जानकारी दिए ।

सीमा पहरी चौकी महेशपुरबाट खटिएको प्रहरीको टोलीले पाल्हीनन्दन गाउँपालिका वडा नं. २ गोपालपुरमा भारतबाट अवैघरुपमा नेपाल भित्राउँदै गरेको अवस्थामा हार्डवेयर सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायब उपरीक्षक राजु लामाले बताए ।

उनका अनुसार उक्त क्षेत्रबाट एक लाख ३३ हजार मूल्य बराबरको हार्डवेयर सामान बरामद गरिएको छ । बरामद गरिएका ती अवैध सामान आइतबार महेशपुर भन्सार कार्यालय चालन गरिएको प्रहरीले जनाएको छ। लकडाउनको मौका छोपी पश्चिम नवलपरासीमा अवैध करोबार बढेपछि पछिल्लो समयमा नवलपरासी प्रहरीले सीमामा आफ्नो सक्रियता बढाएको छ । प्रहरीले सक्रियता बढाए पछि जिल्लामा धामधाम अवैध सामान बरामद हुन थालेका छन् ।

# नेपाली कांग्रेस गुल्मीले वितरण गऱ्यो सुरक्षाकर्मीलाई पीपीई

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १ असार

नेपाली कांग्रेस गुल्मीले फ्रण्ट लाइनमा रहेर जनतालाई सेवा दिनुपर्ने अवस्थालाई मध्यनजर गरी जिल्लाका सुरक्षाकर्मीलाई पीपीई वितरण गरेको छ। नेपाली कांग्रेस गुल्मी-काठमाडौं सम्पर्क समितिले पठाएका ३९ सेट पीपीई नेपाली कांग्रेस गुल्मीका सभापति भुवनप्रसाद श्रेष्ठले प्रमुख जिल्ला अधिकारी भरत कुमार शर्मालाई हस्तान्तरण गरेका हुन् ।




जिल्लामा हुने विभिन्न घटनाहरुमा बढी खटिनुपर्ने भएको र विभिन्न घटनाको क्रममा सुरक्षाकर्मी जनतासँग सिधै सम्पर्कमा आउने भएकाले स्वास्थ्य सुरक्षाको हिसावले पनि सुरक्षाकर्मीलाई पीपीई वितरण गरिएको सभापति श्रेष्ठले बताएका छन् ।

पीपीई ग्रहण गर्दै प्रजिअ शर्माले विपतको समयमा नेपाली कांग्रेस गुल्मीले गरेको काम सराहनीय भएको भन्दै निरन्तर सहयोगको अपेक्षासमेत राखेको बताए । नेपाली कांग्रेस गुल्मीले यसअघि पनि जिल्लाका सञ्चारकर्मीलाई पीपीई वितरण गरेको थियो ।

# एन्फाको केन्द्रीय समिति बैठक मंगलबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार

अखिल नेपाल फुटबल संघ एन्फालको आपतकालिन केन्द्रीय समितिको बैठक मंगलबार बस्ने भएको छ। सोमबारका लागि तय भएको आपतकालित समितिको बैठक स्थगित भएपछि केन्द्रीय समितिकै बैठक बोलाइएको हो।

सोमबारको बैठकमा बरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङ स्वास्थ्यको कारण अनुपस्थित भएका थिए।

आपतकालिन समितिमा ५ जना अनिवार्य उपस्थित भएर निर्णय गर्नुपर्ने प्रावधान रहेको छ। नेम्वाङ उपस्थित नभएपछि अरु चारजनाको बैठक एन्फा कम्प्लेक्स सातदोबाटोमा बसेर अनौपचारिक छलफल भने गरेका थिए। अनौपचारिक छलफल पछि मंगलबार नै केन्द्रीय समितिको बैठक आह्वान गरिएको हो।



फाइल फोटो

आपताकिलन बैठकका ४ वटा एजेण्डाहरु रहेका थिए। मानार्थ अध्यक्षमा टासी घलेलाई पुनः मनोनित गर्ने, भक्तपुर जिल्ला संघका विषय, कोरोना प्रभावितलाई दिने राहत सम्बन्धमा र विविध एजेण्डाहरु तय गरिएको थियो। आपतकालिन समितिको बैठकबाट निर्णय गरेको भए केन्द्रीय समितिका अन्य सदस्य तथा पदाधिकारीहरुलाई जानकारी गराउने र पछि नियमित पक्रियामा अनुमोदन गराउने प्रावधान रहेको छ।

# नवौं राष्ट्रियका लागि १ करोड ५० लाख विनियोजन




**पोखरा/रासस**-गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशको समग्र खेलकुद विकासमा जोड दिने भएको छ। गण्डकी प्रदेशको सोमबार आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले आर्थिक वर्ष २०७७-०७८ का लागि वजेट प्रस्तुत गर्दै प्रदेशको समग्र खेलकुद विकासलाई प्रमुखतामा राखेको बताए।

प्रदेशको खेलकुद कानुन निति निर्माण तथा संरचनालाई प्राथमिकतामा राख्दै प्रदेश स्तरिय बहुउद्धेशियय रंगशाला, क्रिकेट रंगशाला, उच्च उचाई खेल मैदान, गल्फ कोर्ष, स्कीको तालिम केन्द्र र जिल्ला स्तरिय रंगशाला तथा एक स्थानिय तह एक खेल मैदानका लागि ८ करोड ४५ लाख विनियोजन गरेको मन्त्री गुरुङले बताए।

अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिताको आयोजना, खेलाडीलाई प्रोत्सहान भत्ता संगै समग्र खेलकुद बिकासका लागि रकम छुट्टाएको मन्त्री गुरुङले बताए। यस संगै मुख्य मन्त्री कप फुटबल प्रतियोगितालाई समेत प्रदेश सरकारले निरन्तरता दिने भएको छ।

पोखरामा आयोजना हुने नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको व्यवस्थापन तथा खेलाडीलाई प्रशिक्षण प्रदान गर्न १ करोड ५० लाख विनियोजन गरिएको छ भने विजयी खेलाडीलाई पुरस्कृत गर्न आवश्यक बजेट विनियोजन गरेको मन्त्री गुरुङले बताएका छन।

# दिल्लीका रेलहरुमा आइसोलेसन वार्ड बनाइने



**नयाँदिल्ली, एजेन्सी-** दिल्ली राज्यका रेलहरुलाई कोरोना भाइरसको उपचार गर्ने आइसोलेसन वार्डका रुपमा परिणत गरिने भएको यहाँको सरकारले जनाएको छ।

दिल्ली सरकारले यहाँको आनन्द विहार स्टेशनका रेलहरुका डिब्बामा आइसोलेसन वार्ड बनाउने बताएको हो। त्यस स्टेनसका रेलहरु सोमबारदेखि बन्द गरिएको छ। दिल्ली सरकारले यो कुराको जानकारी दिएको हो। दिल्ली राज्य सरकारका मुख्यमन्त्री अरबिन्द केजरिवालले सोमबारबाट उक्त क्षेत्रका रेलहरुलाई आइसोलेसन वार्डका रुपमा प्रयोग गरिने जानकारी दिए।

कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भारतले रेल र रंगशालामा आइसोलेसन वार्ड बनाउन थालेको बताइएको छ। यसअघि पनि गत महिना नै भारतीय रेल्वे विभागले २० हजार रेल गाडीलाई मेडिकल सुविधामा परिणत गर्ने काम सुरु गरेको बताएको थियो।

मुख्यमन्त्री केजरीवालले जवाहरलाल नेहरू रंगशालालाई क्वारेन्टाइन सेन्टर बनाउने बताएका थिए।

रंगशालाहरुलाई पनि क्वारेन्टाइन र उपचार केन्द्र बनाएर विदेशबाट आउने नागरिकलाई त्यहाँ राख्ने निर्णय गरिएको जनाएको थियो। सोमबार दिइएको समाचारअनुसार भारतको केन्द्र सरकारले करिब ५०० रेलगाडी दिल्ली सरकारलाई दिने निर्णय भएकोले सो उपलब्ध गराउने जनाइएको छ। यसबाट दिल्लीका करिब ८ हजार विरामीलाई त्यहाँ राखेर उपचार गर्न सकिने छ।


ती रेलका डिब्बाहरुमा आइसोलेसनका शैयाहरु बनाइएको छ र त्यहीँ अस्पतालको बेडमा जस्तै उपचारको सुविधा पनि रहने छ। जसका कारण यहाँ हजारौँ मानिसलाई राख्न सकिने छ।

यो निर्णयसँगै त्यहाँ तीन लाख भन्दा बढी मानिसलाई क्वारेन्टाइनमा राख्न सकिने रेलवे विभागले एक विज्ञप्तिमा भनेको छ। एक अर्बभन्दा बढी जनसंख्या रहेको भारतमा विगत लामो समयदेखि जारी लकडाउन हाल केही खुकुलो भएको छ। भाइरसको फैलावट रोक्न भन्दै सरकारले भारत बन्द गर्ने निर्णय गरेको थियो।

तर यहाँ कारोना भाइरस संक्रमण भने बढेको त्यहाँका अधिकारीले बताएका छन्। अहिलेसम्म भारतमा यो भाइरसका संक्रमितहरुको संख्या तीन लाख नाघिसकेको छ। त्यस्तै यो महामारीबाट ९ हजार जनाभन्दा बढीको मृत्यु भएको छ। भारतीय राज्यहरूले भाइरसको सम्भावित प्रकोपसँग जुध्न रेल सेवालाई पनि अस्थायी अस्पताल बनाउन सुरु गरेका छन्।

भारतमा कोरोना भाइरसबाट हुने श्वासप्रश्वाससम्बन्धी गम्भीर समस्याको उपचारका लागि आवश्यक भेन्टिलेटर, चिकित्सक तथा आवश्यक औषधि-उपकरणको अभाव भएको बताइएको छ।

# सोमाली सेनाको कारबाहीमा १३ जना लडाकूको मृत्यु



**मोगादिशु, एजेन्सी-** सोमालियाको राष्ट्रिय सेनाले जुबा प्रान्तको दक्षिणी क्षेत्रमा गरेको भिषण सैन्य कारबाहीमा अल-शबाबका १३ जना लडाकूको मृत्यु भएको छ।

सोमाली सेनाका प्रवक्ता अलि मोहमदले स्थानीयबासीले दिएको सूचनाका आधारमा सैन्य कारबाही गरिएको जानकारी दिए। उनले जुबाको अफमाडाओ शहरमा विद्रोही अल-शबाब विरुद्ध सेनाले कारबाही गरेको स्पष्ट गरे। प्रवक्ता मोहमदले विद्रोहीबाट सेनाले हातहतियार र गोलाबारुद बरामद गरेको पनि बताए। स्थानीयबासीले बान्का जिरा गाउँमा सेना र अल-शबाबका लडाकूबीच भिडन्त भएको बताएका छन्।

गत जुन ७ मा सोमाली सेना र अल-शबाबबीच हुदुर नगरमा भएको भिडन्तमा अल-शबाबका ३७ जना लडाकूको ज्यान गएको थियो।

# आईओएफटीसीको आठ लाख सहयोग




**काठमाडौं, मस-** अमेरिकाको पोर्टल्यान्डमा मुख्यालय रहेको गैर नाफामुलक संस्था अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिप (आईओएफटीसी) ले कोरोना भाइरस (कोभिड- १९) का कारण समस्यामा परेका तेक्वान्दो खेलाडीलाई राहत उपलब्ध गराउन आर्थिक सहयोग प्रदान गरेको छ।

काठमाडौं उपत्यकासहित सातै प्रदेशमा समस्यामा परेका तेक्वान्दो खेलाडीको पहिचान गरी राहत उपलब्ध गराउने गरी आईओएफटीसीले ८ लाख रुपैयाँ अमेरिकाबाट पठाएको हो। समस्यामा परेका खेलाडीको पहिचान गर्न रामचन्द्र ब्यञ्जनकारको संयोजकत्वमा ४ सदस्यीय आईओएफटीसी हेल्प डेक्स टिम नेपाल गठन गरिएको छ। सदस्यमा रजिन सिंह, अर्जुन महर्जन र निरोज गौतम रहेका छन्। सल्लाहकारमा मैत्री तेक्वान्दो डोजाङका प्रमुख अष्टबहादुर महर्जन छन्।

युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले टिमका संयोजक ब्यञ्जनकारलाई सिंहदरबारमा आइतबार चेक हस्तान्तरण गरे। सो अवसरमा मन्त्री विश्वकर्माले आईओएफटीसीले गरेको सहयोगले केहि हदसम्म भएपनि खेलाडीलाई सहयोग पुग्ने विश्वास ब्यक्त गरे।

आईओएफटीसीले २०७२ सालको विनाशकारी भुकम्पकाबाट पीडितलाई पनि सहयोग गरेको थियो। आईओएफटीसीका संस्थापक एवं निर्देशक दिवाकर महर्जनले कोभिड- १९ को समस्या विश्वव्यापी भएकाले ठूलो सहयोग गर्न नसकिएको बताउदै थोरै भएपनि यसले खेलाडीलाई राहत पुगोस् भन्ने उद्देश्यले सहयोग उपलब्ध गराएको बताए।

# नेपाललाई एक स्वर्ण र एक रतज




**काठमाडौं, मस-** सद्गुरु मास्टर्स कप अनलाईन इन्टरनेशनल कराते काता च्याम्पियनसिप २०२० मा नेपालले एक स्वर्ण र एक रजत प्राप्त गरेको छ।

केरला कराते संघ, भारतको आयोजनामा भएको च्याम्पियनसिपको महिला ३५ बर्ष माथिको ईभेन्टसमा नेपाली खेलाडी निता आचार्यले फिलिपिन्सकी ईसेल बोनो अक्विनोलाई फाईनलमा पराजित गर्दै स्वर्ण हात पारेकी हुन्। उनले २४.१४ अंक प्राप्त गरेकी थिईन्। उनकी प्रतिद्वन्दि अक्विनोले २३.८ अंक प्राप्त गरेकी थिईन्।

यस्तै कराते खेलाडी एवं प्रशिक्षक रविन्द्र मानन्धर रजतमानै खुम्चिए। ३५ - ४५ बर्ष उमेर समूह 'ए' बाट फाईनल प्रवेश गरेका उनी स्पेनका खेलाडी जिसस कनसुयगरा संग पराजित हुँदै रजतमा चित्त बुझाउन बाध्य भएका थिए। जिससले २४.६४ अंक प्राप्त गर्दा मानन्धरले २४.३८ अंक प्राप्त गरेका थिए।

बिश्व कराते महासंघ र एशियाली कराते महासंघको नियममा खेलाईएको अनलाईनल च्याम्पियनसिपमा ३५ - ४५, ४५ - ५५, ५५ - ६५ र कुबुदो गरि ४ विधामा प्रतिस्र्धा गराईएको थियो। च्याम्पियनसिपमा जापान, भारत, स्पेन, श्रीलङ्का, नेपाल, फिलिपिन्स, भियतनाम, भनेजुयला लगायतको सहभागिता रहेको थियो।

# अर्का अश्वेत व्यक्तिको हत्यापछि अमेरिकामा आन्दोलन

**वासिङ्टन, एजेन्सी**-एटलान्टामा एक गोरा प्रहरीले एक अश्वेत व्यक्तिलाई गोली हानी हत्या गरेको भन्दै अमेरिकी शहरहरुमा पुनः हिंसा फैलिएको छ।




मिनियापोलिसमा प्रहरी नियन्त्रणमा जर्ज फ्लोएड नामका अश्वेत व्यक्तिको हत्या भएपछि अमेरिकाभर जातीय विषयमा तात्तातो बहस चलिरहेका बेला एटलान्टामा अर्का अश्वेत व्यक्तिको हत्याले धेरैलाई क्रुद्ध बनाएको छ। एटलान्टाका २७ वर्षीय रेसार्ड ब्रुक्सको हत्या नै भएको स्वास्थ्य परीक्षणबाट खुलेपछि अमेरिकी शहर हरुका सडकमा प्रदर्शन हुनुका साथै स्थानीय प्रहरी प्रमुखले राजीनामा गर्नु परेको छ।

क्रुद्ध प्रदर्शनकारीले ब्रुक्सको हत्या भएको स्थान नजिकको वेन्डी रेस्टुराँमा आगो लगाइदिएका छन्। ब्रुक्सले यही रेस्टुराँमा जाने बाटोमा कार तेर्स्याएर मानिसको आवतजावतमा अवरोध गरेको भन्दै प्रहरीले उनीमाथि गोली चलाएको थियो।

एटलान्टाका मेयर केशा लान्स बटम्सले शनिबार पत्रकार सम्मेलन गरी प्रहरी प्रमुख एरिका शिल्ड्सले राजीनामा दिइसकेको घोषणा गरेका थिए। मेयर बटम्सले प्रहरीले शक्तिको दुरुपयोग गरेको भन्दै क्षमा मागेका थिए। ब्रुक्समाथि गोली चलाउने प्रहरी अधिकृत ग्यारेट रोल्फलाई सेवाबाट बर्खास्त गरिएको छ।

फुल्टोन काउन्टीका न्यायाधीवक्ता पल होवार्डले दोषी प्रहरी अधिकृत रोल्फमाथि फौजदारी अभियोग लगाउने वा नलगाउने भन्ने बारेमा चाँडै निर्णय हुने जानकारी दिए। गत शुक्रबारको यो घटना हुँदा ब्रुक्स आफ्नो कारमा सुतिरहेका थिए। वेन्डी रेस्टुराँमा आवतजावत गर्ने मार्गमा अवरोध गरेको भन्दै उक्त रेस्टुराँले प्रहरीलाई खबर गरेको थियो। तत्काल उक्त स्थानमा पुगेको प्रहरी र कारभित्र सुतिरहेका ब्रुक्सबीच भनाभन हुनुका साथै हातपात भएको प्रत्यक्षदर्शीले बताएका छन्। भिडियो फुटेजमा दुई जना श्वेत प्रहरीले ब्रुक्सलाई नियन्त्रणमा लिन निकै प्रयास गरेको देखिएको छ। यहीबीच प्रहरीकै हतियार खोसेका ब्रुक्समाथि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ।

तर प्रहरीबाट खोसिएको हतियार घातक नरहेको र त्यसबाट मानिसको मृत्यु नहुने अनुसन्धान अधिकारीहरुले बताएका छन्। प्रहरीसामु अन्य थुप्रै विकल्पहरु हुँदाहुँदै प्रहरीले गोली चलाएको आरोप प्रहरीमाथि लागेको छ।

# फ्रान्समा शालिक तोडफोड अस्वीकार्य – राष्ट्रपति म्याँक्रो

**पेरिस, एजेन्सी-** फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले विवादको घेरामा तानिएका शालिकहरु हटाउने वा इतिहासका तथ्यहरुलाई समाप्त पार्ने कार्यमा फ्रान्सको समर्थन नरहने बताएका छन्। अश्वेत नागरिकमाथि विभेद गरिएको भन्दै विश्वका विभिन्न स्थानमा पूर्व उपनिवेशकालीन प्रतीक वा वस्तुमाथि प्रश्नचिह्न उठाइएको बारेमा प्रतिक्रिया दिँदै राष्ट्रपति म्याँक्रोले यस्तो धारणा सार्वजनिक गरेका हुन्। राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति म्याँक्रोले केही दिनदेखि फ्रान्समा प्रहरी दमनका विरुद्ध प्रदर्शनहरु भए पनि फ्रान्सभित्र जातीय विभेदकारी कार्यहरु भए त्यसलाई कुनैपनि अवस्थामा स्वीकार्न नसकिने स्पष्ट गरे।



कतिपय क्रुद्ध प्रदर्शनकारीले बेलायत र संयुक्तराज्य अमेरिकामा उपनिवेशसँग जोडिएका महत्वपूर्ण व्यक्तिका शालिकहरु तोडफोड गरेका छन्। तर राष्ट्रपति म्याँक्रोले विगतको विरासत वा कुनै कालखण्डको प्रतिनिधित्व गर्ने सामग्रीलाई तोडफोड गर्नुपर्छ भन्नेमा आफू सहमत नभएको बताए। उनले भने, गणतन्त्र फान्सले इतिहासमा दर्ज कुनै नाम वा विषयलाई त्यतिकै त्याग्न सक्दैन। आफूले गरेका कुनै कार्य फान्सले त्यतिकै बिर्सन मिल्दैन।

इतिहासका साक्षी कुनै पनि शालिक फान्सले ढाल्ने छैन। उनले यो खासगरी अफ्रिकाका सन्दर्भमा महत्वपूर्ण रहेको छ भने। अफ्रिकाका धेरै देशमा फान्सेली उपनिवेश रहेको र अझै पनि उपनिवेशको मुद्दाले अफ्रिकीलाई क्रुद्ध बनाउने गरेको छ।

तर फ्रान्स र अफ्रिकाले वर्तमान र भविष्य निर्माणका लागि एकअर्कासँग मिलेर कार्य गर्नुपर्नेमा उनले जोड दिए। हालैका साताहरुमा फान्सका विभिन्न शहरमा जातीयता र अल्पसंख्यकमाथि प्रहरीको दमन विरुद्ध प्रदर्शनहरु भएका छन्। यी प्रदर्शनहरु खासगरी अमेरिकामा प्रहरी नियन्त्रणमा जर्ज फ्लोएडको मृत्यु भएपछि प्रहरी दमन र जातीय विभेद विरुद्ध केन्द्रित भएका छन्।

# भारतमा एकै दिन ११ हजारबढी संक्रमित

**नयाँदिल्ली, एजेन्सी**-भारतमा एक दिनमा ११ हजार ५०२ जना कोरोना भाइरस संक्रमित भएका छन्। यद्यपी शनिबारको तुलनमा भारतमा संक्रमितको संख्यामा केही कमी आएको पाइएको छ। शनिबार एक दिनमा ११ हजार ९२९ जनामा कोरोनमा भाइरस संक्रमण देखिएको थियो भने आइतबार ११ हजार ५०० जनामा संक्रमण देखिएको बताइएको छ।



केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार सोमबार बिहानसम्ममा एकैदिनमा ११ हजार ५०२ जना संक्रमित भएका छन्।

त्यसैगरी पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण भारतमा ३२५ जनाको मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या ९ हजार ५२० पुगेको छ।

भारतमा कोरोनाभाइरसबाट संक्रमितहरुको कुल संख्या अहिले ३ लाख ३२ हजार ४२४ पुगेको छ। कुल संक्रमित मध्ये १ लाख ५४ हजार १०६ जना अहिले पनि संक्रमित अवस्थामै रहेका छन् भने १ लाख ६९ हजार ७९८ जना संक्रमण मुक्त भएका छन्। भारतमा प्रदेश अनुसार हेर्ने हो भने सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा संक्रमित रहेका छन्। त्यस प्रदेशमा १ लाख ७ हजार ९५८ जना संक्रमित भएका छन्। महाराष्ट्रमा ५३ हजार ३० जना संक्रमित अवस्थामा नै रहेका छन् भने ५० हजार ९७८ जना उपचारपछि घर फर्किएका छन्। महाराष्ट्र कोरोना भाइरसको संक्रमणको कारण ३ हजार ९५० जनाको मृत्यु भएको छ।

कोरोना भाइरस संक्रमणको कारण दोस्रो स्थानमा रहेको तमिलनाडु प्रदेशमा ४४ हजार ६६१ जना र तेस्रो धेरै संक्रमण रहेको दिल्ली प्रदेशमा ४१ हजार १८२ जना संक्रमित रहेका छन्।

# अर्थतन्त्र चलायमान बनाउन उपप्रधानमन्त्रीसमक्ष सीएनआईको सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार

नेपाल उद्योग परिसंघले उच्चस्तरिय समितिका संयोजक तथा उपप्रधानमन्त्री ईश्वर पोखरेल समक्ष आर्थिक क्षेत्र चलायमान बनाई लगानी आकर्षित गर्न विद्यमान कानुनमा भएका व्यवस्थाहरुलाई सुधार गरी सरकारको तर्फबाट छिटो छरितो रुपबाट लगानीको वातावरण बनाउन सुझाव पेश गरेको छ। कोभिड १९ बाट सृजना भएको लगातारको लकडाउनका कारण अधिकांश उद्योग व्यवसाय सञ्चालनमा कठिनाई भइरहेको र आर्थिक गतिविधि समेत प्रभावित हुँदा देशले ठूलो आर्थिक नोक्सानी व्यहार्नु परेको भन्दै यस्तो अवस्थामा रोजगारीका क्षेत्र पहिचान र विस्तार गरी ठूलो मात्रमा रोजगारी सृजना गर्नु पर्ने माग सुझाव दिएको छ। देशमा सृजना हुने वेरोजगारीको अवस्थालाई मध्यनजर गरी औद्योगिक वातावरण तयार गर्न, उद्योग व्यवसाय विस्तार गर्न, स्वदेशी लगानीकर्तालाई उत्साहीत गर्न र विदेशी लगानी भित्र्याउन



सहयोग पुग्ने गरी विद्यमान कानुनमा रहेका झन्झटिला र असहज व्यवस्थाहरुलाई संशोधन/खारेज/निलम्बन गरी लगानीको वातावरण सिर्जना गर्न माग गरेको छ। परिसंघले विशेषगरी इआइए र आइइइको सम्बन्धमा विद्यमान व्यवस्था, उद्योगको लागि भूमिमा लगाईएको हदवन्दी र उद्योगको वन क्षेत्रको भोगाधिकार सम्बन्धी व्यवस्थामा सुधार गर्नु पर्ने सुझाव दिएको छ। त्यसैगरी स्वघोषणा गरेर विदेशबाट बैंकिङ प्रणालीमार्फत नेपालमा आउने लगानीलाई सहजता प्रदान गर्नु पर्ने धारणा प्रस्तुत गरेको छ। उद्योग दर्ताको विद्यमान अवस्थामा रहेको झन्झटिलो प्रकृया हटाई उद्योग विभागबाट ३ दिन भित्रमा स्वीकृतिको प्रकृया सकिनु पर्ने प्रवाधानको सुझाव प्रस्तुत गरेको छ भने लगानी बोर्डबाट गरिनु पर्ने सम्पूर्ण निर्णय १५ दिन भित्रमा गसिक्नुपर्ने प्रावधान सहितको सुझाव उपप्रधानमन्त्री समक्ष प्रस्तुत गरेको छ। गैरआवासीय नेपालीहरुलाई समेत पूँजी बजारमा लगानी गर्ने वातावरण तयार गरी तरलता व्यवस्थापनमा सहजता ल्याउनु पर्ने परिसंघको सुझाव रहेको छ। स्वदेशी उद्योगी व्यवसायीहरुलाई विभिन्न क्षेत्रमा अवसर प्रदान गर्ने नीति अवलम्बन गर्दै ग्लोवल टेण्डरको न्युनतम सीमा रु १०० करोड रहेकोमा त्यसलाई बढाएर रु ३०० करोड गरिनु पर्ने सुझाव परिसंघको रहेकोछ। सरकारले विशेष प्रकारको दीर्घकालीन बोण्ड जारी गर्ने र सो बोण्डमा गरिने लगानीलाई सहज गरिनु पर्ने, सो बोण्ड विदेशीले समेत खरिद गर्न पाउने व्यवस्था गरिनु पर्ने सुझाव परिसंघको रहेको छ।

# हिमालय एयरलाईन्सले सार्वजनिक गऱ्यो चार्टर्ड उडानको भाडादर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असार




हिमालय एयरलाइन्सले मंगलबारदेखि विभिन्न देशमा रहेका नेपालीलाई नेपाल ल्याउनका लागि उद्धार उडान सुरु गर्ने भएको छ। जुन १७ तारिखदेखि लगातार चार दिन (जुन २०) सम्म गर्ने उद्धार उडानमार्फत हिमालयले आठवटा देशबाट नेपालीलाई ल्याउने बताएको छ। यसमा श्रीलंका, माल्दिभ्स, बंगलादेश, सिंगापुर, कम्बोडिया, मलेसिया, साउदी अरेबिया र युएई रहेका छन्।

कम्पनीले रुप्सी ट्राभलसँगको समन्वयमा पहिलो उडान श्रीलंका र माल्दिभ्समा गर्ने जनाएको छ। यी दुवै देशका लागि हवाई भाडा तीन सय ८० अमेरिकी डलर निर्धारण गरिएको कम्पनीले जानकारी दिएको छ। यसबाहेक हिमालयले हार्वेस्ट मुन ट्राभल एण्ड टुर्ससँगको समन्वयमा १७ जुनमा बंगलादेशको ढाका, सिंगापुर र कम्बोडियामा पनि उद्धार उडान गर्ने तय भएको बताएको छ। कम्पनीका अनुसार, ढाका उडानका लागि कम्पनीले एक सय ६५ डलर तथा सिंगापुर र कम्बोडियाका लागि पाँच सय २० डलर भाडा निर्धारण भएको छ।

यसैगरी, जुन १८ मा हिमालयले मलेसियाको क्वालालाम्पुर र साउदी अरेबियाको दमाम उडान गर्ने तालिका बनाएको छ। हिमालयले यी दुई गन्तव्यमध्ये मलेसियाका लागि तीन सय ७२ डलर र साउदीको चार सय ६५ डलर भाडा तय गरेको छ। जुन १९ मा पनि साउदीको दमाम र माल्दिभ्स उडान हुने बताइएको छ। रुप्सी ट्राभलसँगको सहकार्यमा हुन लागेको मालदिभ्सको उद्धार उडानका लागि चार सय ८० डलर हवाई भाडा निर्धारण गरेको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

यस्तै, कम्पनीले जुन २० मा हुने उद्धार उडान युएईको आबुधाबी र बंगलादेशबाट उद्धार उडान गर्ने योजना बनाएको छ। हिमालयका अनुसार आबुधाबी(काठमाडौं उडान फिस्टेल ट्राभलसँगको सहकार्यमा गर्न लागिएको छ भने बंगलादेश(काठमाडौं उडान हार्वेस्ट मुन ट्राभलसँगको सहकार्यमा हुन लागेको हो। यी दुई गन्तव्यका लागि क्रमशः तीन सय ८५ डलर र एक सय ६५ डलर भाडादर निर्धारण गरिएको छ। मितिसहित उद्धार उडानको गन्तव्य तय गरिएको भए पनि यात्रु उपलब्धता र कुनै प्रतिकूलता भए उडान तालिका परिवर्तन हुनसक्ने कम्पनीले जनाएको छ। सरकारले कोभिड( १९ का कारण विदेशमा अलपत्र परेका नपाली नागरिकको उद्धार गर्न नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सलाई अनुमति दिएको थियो। वायुसेवा निगमले भने उद्धार उडान यसअघि नै सुरु गरिसकेको छ।

# फर्म दर्ता र नवीकरण पुनः सञ्चालन




**काठमाडौं/मस**-वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बन्दाबन्दी अवधिमा फर्म दर्ता तथा नवीकरणलगायत रोकिएका काम आजदेखि पुनःसञ्चालन गरेको छ। विभागले आजदेखि फर्महरुको दर्ता, नवीकरण, संशोधन, नामसारी, खारेजी जस्ता अवरुद्ध सेवाका लागि विभागको इमेलमा आवश्यक कागजात पठाउन व्यवसायीलाई आग्रह गरेको छ। आवश्यक कागजात इमेल गरेपछि विभागले सबै प्रक्रिया पुगेका व्यवसायीलाई सम्पर्क गर्ने जनाइएको छ।

साना कामका लागि कार्यालयमा आउन नपर्ने वातावरण सिर्जना गरिएको विभागका सूचना अधिकारी रवीन्द्र आचार्यले जानकरी दिनुभयो। "व्यवसाय दर्तालगायत विभागबाट प्रवाह हुने सम्पूर्ण सेवाका लागि आवश्यक कागजपत्र मेल गरेपछि हामी व्यवसायीलाई सबै कागजपत्र लिएर आउन आग्रह गर्छौं, आवश्यक काजगपत्र नपुगेर कार्यालयबाट फर्कन भन्दा मेल गर्दा सहज हुन्छ भन्ने उद्देश्यले व्यवसायीलाई मेल गर्न आग्रह गरेका हौं," उनले भने।

उनका अनुसार आजदेखि कार्यालय सञ्चालन गरेर विभागअन्तर्गत रहेका शाखाहरु विभिन्न दिनमा खुला हुने गरी कामको बाँडफाँट गरिएको छ। विभागले आइतबार, मङ्गलबार र शुक्रबार रु ६० लाखभन्दा कम पूँजी भएका प्राइभेट फर्म नवीकरण, संशोधन, प्रतिलिपि र खारेजी, सोमबार प्राइभेट फर्म नयाँ दर्ता, बुधबार रु ६० लाखभन्दा माथि पूँजी भएका प्राइभेट फर्म नवीकरण, संशोधन, प्रतिलिपि र खारेजी र कम्पनीको व्यापार अनुमति दिने कार्य हुने जनाइएको छ। यसैगरी बिहीबार साझेदारी फर्म दर्ता, नवीकरण, संशोधन, प्रतिलिपि र खारेजी, एजेन्सी दर्ता/नवीकरण संशोधनलगायत सेवा प्रवाह हुने जनाइएको छ।

विभागबाट हुने कार्यका लागि कानून व्यवसायी, व्यवसायीका साथी वा व्यवसायीसँग अन्य सदस्य आवश्यक नपर्ने र उनीहरुलाई प्रवेश निषेध गरिएको जनाइएको छ। विभागले बजार अनुगमनका क्रममा कारवाहीस्वरुप जरिवाना गरिएका फर्मको शुल्क बुझाउन उपभोक्ता सहायतासम्बन्धी कार्य तथा निकासीपैठारी इजाजतसम्बन्धी कार्य सार्वजनिक बिदाबाहेकका दिनमा दैनिक सञ्चालन भएको जनाएको छ।

# सलाम एयरमार्फत काठमाडौं आए १ सय ६६ नेपाली



**काठमाडौं/मस**-सलाम एयरले ओमानबाट १ सय ६६ यात्रु बोकेर काठमाडौं विमानस्थलमा अवतरण गरेको छ। बिदेसमा अलपत्र परेका नेपालीलाई ल्याएर सलाम एयरको विमान सोमबार नेपाल आईपुगेको हो। सरकारले विदेशमा अलपत्र परेका नेपालीलाई उद्धार कार्य अघि बढाएको छ। जसअनुसार पहिलो चरणमा २५ हजार नेपाली स्वदेश फिर्ता ल्याउने कार्य अघि बढेको हो। कोरोना भाइरस (कोभिड- १९) का कारण अप्ठ्यारोमा परेका नेपालीहरुको हवाई टिकट ब्यबस्थापनका सम्बन्धमा ओमानस्थित नेपाली राजदुताबाससंगको सहकार्यमा सलाम एयरले विदेशमा रहेका नेपालीहरुलाई टिकट उपलब्ध गराएको हो। बिपतको घडीमा ब्यबसायिक मुनाफाभन्दा पनि सेवाको भावनाका साथ अघि बढ्ने सलाम एयर र आफ्ना नागरिकको सेवालाई ध्यान दिने ओमनस्थित नेपाली महामहिम राजदुत तथा राजदुताबाससंग आबद्ध सम्पूर्ण कर्मचारीहरुले उक्त कदमलाई सकरात्मक रुपमा लिएका छन। सलाम एयरले नेपालमा आइएमई ग्रुप अन्तर्गत संचालित आइएमई ट्राभलको जीएसए व्यवस्थापनमा उडान भर्दै आइरहेको छ। नेपालमा आफ्नो हवाई सेवा विस्तार गरेको करिब डेढ वर्षको हाराहारीमा नै माहामारीको अवस्था झेल्नु परेता पनि मानवीय सेवाका लागि सलाम एयरको निक्कै ठूलो योगदान रहेको कुरा आइएमई ट्राभलका प्रमुख कार्यकारी अधिकृत बिनोद सापकोटाले जनाए।


# समता लघुवित्त वित्तीय संस्था र घरेलु लघुवित्त गाभिदै

काठमाडौं/मस-समता लघुवित्त वित्तीय संस्था लिमिटेडसँग घरेलु लघुवित्त वित्तीय संस्था गाभिने भएको छ। सोमबार आयोजित एक समारोहका बीच समताको तर्फबाट संचालक समितिको अध्यक्ष डम्मरमणि थेवे लिम्वु र घरेलु लघुवित्तको तर्फबाट संचालक समिति अध्यक्ष आङ्ग देण्डी शेर्पाले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। मर्जर पछि बन्ने संस्थाको नाम समता घरेलु लघुवित्त वित्तीय संस्था हुने र केन्द्रीय कार्यालय बनेपा रहने गरी सम्झौता गरिएको बताइएको छ। स्वाप रेसियो डिडिएमार्फत अन्तिम निर्धारण गर्ने भएता पनि हाललाई १००:८० कायम हुने गरी यी दुई वित्तीय संस्था बीच आपसमा गाभ्ने गाभिने (मर्जर) विषयमा सम्झौता भएको हो। मर्जर पश्चात् वित्तीय संस्थाको कूल चुक्ता पुँजी २६ करोड १४ लाख रुपैयाँ हुनेछ। हाल समता लघुवित्तको चुक्ता पुँजी १९ करोड ११ लाख रुपैयाँ रहेको छ। २४ वटा शाखा कार्यालयहरु मार्फत करिव ३७ हजार ग्राहक सदस्यहरुलाई लघुवित्तीय सेवा दिँदै आइरहेको यस वित्तीय संस्थाले चालु आर्थिक वर्षको तेश्रो त्रैमासिक सम्म कर्जा लगानी १ अर्व ६६ करोड रुपैयाँ गरेको छ।

# निसानका गाडीमा 'बाइ नाऊ, पे लेटर' योजना




**काठमाडौं/मस**-निसान गाडीको नेपालका लागि आधिकारीक वितरक पायोनियर मोटोकर्पले बन्दाबंदी को अवस्थालाई मध्यनजर गर्दै 'बाइ नाओ पे लेटर' योजना बजारमा ल्याएको छ। कम्पनीको उक्त योजना अन्तर्गत निसान गाडी खरिद गर्दा ६ महिनासम्मको इएमआइ र ब्याज कम्पनि ले नै व्यहोर्ने जानकारी पायोनियर मोटोकर्पले दिएको छ। यस्तै निसानका सबै गाडीहरु ३० प्रतिशत डाउन पेमेन्ट मा उपलब्ध हुने कम्नपीले जनाएको छ। निशान नेपालले आजसम्मकै सबैभन्दा उत्कृष्ट अफर नेपाली अटो बजारमा ल्याएको दाबि गरेको छ। उक्त योजना स्टक रहने अवधि सम्म लागु हुने र साथै सर्तहरुलागु हुने कम्पनीले जानकारी दिएको छ।


www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**